सरावल गाउँपालिका

**Sarawal Rural Municipality**

# गाँउ कार्यपालिकाको कार्यालय

**Office Of the Rural Municipality Executive**

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

**Sarawal, Nawalparasi (Bardghat-Susta West)**

लुम्बिनी प्रदेश, नेपाल

**Lumbini Province, Nepal**

प.स. :- २०८३/०८४

च.न. :-

मितिः- २०८३/०५/१५

## सार्वजनिक सूचना

## विषय :- भू-उपयोग वर्गीकरण सम्बन्धमा।

जिल्ला नवलपरासी (ब.सु.प.), साविक बडहरादुबौलिया गा.वि.स. वडा नं.-७ख अन्तर्गतका केही कित्ता जग्गाहरू हाल बर्दघाट नगरपालिका वडा नं.-१३ क्षेत्रमा पर्ने देखिए तापनि साविक नक्सा तथा सम्बन्धित अभिलेखका आधारमा सरावल गाउँपालिकासँग सम्बन्धित देखिएको र बर्दघाट नगरपालिकाबाट समेत सोही व्यहोरा जानकारी प्राप्त भएको हुँदा उक्त जग्गाहरूको भू-उपयोग वर्गीकरण सम्बन्धी कार्य यस गाउँपालिकाबाट अगाडि बढाइने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त कार्यका लागि गाउँपालिकाबाट अमिनलाई सम्बन्धित क्षेत्रमा स्थलगत निरीक्षण तथा आवश्यक प्राविधिक जाँचका लागि खटाइएको हुँदा सम्बन्धित जग्गाधनीहरूले अमिनलाई आवश्यक सहयोग तथा आफ्नो जग्गा सम्वन्धी प्रमाण/कागजात उपलब्ध गराइदिनुहुन अनुरोध छ।

अमिनवाट स्थलगत निरीक्षण तथा उपलब्ध नक्सा, अभिलेख र आवश्यक कागजातका आधारमा विवरण संकलन गरी प्रतिवेदन पेश गरिएको आधारमा प्रचलित कानूनवमोजिम भू-उपयोग वर्गीकरण सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

**थप जानकारीका लागिः-**

सरावल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (ब.सु.प.)

सम्पर्क नं.:- ९८५७०४६२६६,(९८६७७१७१८१-अमिन)

.............................

(श्रीप्रसाद गौतम)

प्रमुख प्रशासकिय अधिकृत

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत